**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६५ असार १०**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा त्रिभुवन विश्वविद्यालय पुस्तकालयलाई विभिन्न सामग्री हस्तान्तरण

उच्चायुक्तको कार्यालय-नेपालद्वारा हाल चालु क्षमता अभिवृद्धि गर्ने गतिविधिहरूका क्रममा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका प्रतिनिधि रिचर्ड बेनेटले मङ्गलबार त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय (त्रिवि केन्द्रीय पुस्तकालय) का पुस्तकालयाध्यक्ष श्री कृष्णमणि भण्डारीलाई सन्दर्भ सामग्रीहरू हस्तान्तरण गर्नुभयो।

त्रिवि केन्द्रीय पुस्तकालय परिसरमा आयोजित एक समारोहमा उच्चायुक्तका प्रतिनिधिले मानवअधिकारसम्बन्धी १०० भन्दा बढी पुस्तक, मानवअधिकारसम्बन्धी जानकारीपत्र, पुस्तिका, मार्गनिर्देशिका, जानकारीमूलक विवरणिका र प्रवर्द्धनात्मक श्रव्यदृश्य सामग्रीलगायत उच्चायुक्तको कार्यालयका प्रकाशन तथा उच्चायुक्तको कार्यालय-नेपालद्वारा प्रकाशित प्रतिवेदनहरू हस्तान्तरण गर्नुभयो। हस्तान्तरण समारोहपछि पुस्तकालयका अधिकारीहरूलाई मानवअधिकारका आधारभूत कुराहरू, उच्चायुक्तको कार्यालय-नेपालको कार्यादेशबारे तालिम तथा उच्चायुक्तको कार्यालयको वेबसाइटलगायत मानवअधिकारसम्बन्धी अनलाइन सामग्रीहरूको परिचय दिइयो।

सन् १९५९ मा स्थापित त्रिवि केन्द्रीय पुस्तकालय सन् १९६४ देखि संयुक्त राष्ट्रसङ्घको नेपालस्थित आधिकारिक सङ्ग्रहकेन्द्र भएको छ। नेपालका सबैभन्दा ठूला पुस्तकालयहरूमध्येको एक यस पुस्तकालयमा करिब १२,००० सदस्य छन् र दैनिक १५०० प्रयोगकर्ताहरू आउँछन्। नेपालका अन्य क्षेत्रहरूमा सङ्ग्रह केन्द्र स्थापना गर्न सकियोस् भनेर संयुक्त राष्ट्रसङ्घले अन्य विश्वविद्यालयहरूलाई सन्दर्भ सामग्रीहरू उपलब्ध गराउने योजना गरेको छ।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**

60 UNIVERSAL DECLARATION OF HUMAN RIGHTS